**अनुसूची- २**

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

देउमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ संख्या ४.३ मितिः २०७७/०१/०३

**भाग-२**

**देउमाई नगरपालिका**

## देउमाई नगरपालिका एकल पुरूष भत्ता वितरण सम्बन्धी कार्यविधि,२०७७

# देउमाई नगरपालिका एकल पुरूष भत्ता वितरण सम्बन्धी कार्यविधि,२०७७

नगर कार्यपालिकाबाट पारित मितिः२०७७.०१.०३

नगरसभाबाट अनुमोदन मितिः२०७७.०३.१०

प्रस्तावनाः

देउमाई नगरपालिका भित्र रहेका एकल पुरूष नागरिकको सामाजिक सुरक्षा र लैङ्गिक समानता सुनिश्चित गर्ने उद्देश्यले देउमाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ को अधिकार प्रयोग गरि देउमाई नगरकार्यपालिकाको मितिः२०७७/०८/०७ को निर्णय अनुसार देउमाई नगर कार्यपालिकाले यो देउमाई नगरपालिका एकल पुरूष भत्ता वितरण सम्बन्धी कार्यविधि,२०७७ जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधिको नाम देउमाई नगरपालिका एकल पुरूष भत्ता वितरण सम्बन्धी कार्यविधि,२०७७ रहेको छ।

२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) नगरपालिका भन्नाले देउमाई नगरपालिका सम्झनु पर्दछ।

ख) कार्यपालिका भन्नाले देउमाई नगरकार्यपालिका सम्झनु पर्दछ।

ग) प्रमुख भन्नाले देउमाई नगरपालिकाको प्रमुख सम्झनुपर्नेछ।

घ) उपप्रमुख भन्नाले देउमाई नगरपालिकाको उपप्रमुख सम्झनु पर्नेछ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले देउमाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्नेछ।

च) कार्यालय भन्नाले देउमाई नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्नेछ।

छ) एकल पुरूष भन्नाले ६० वर्ष उमेर पुगेका विदुर पुरूष, ६० वर्ष सम्म अविवाहित रहेका पुरूष, सम्बन्ध विच्छेद गरी विवाह नगरी बसेका ६० वर्ष पुगेका पुरूष सम्झनु पर्दछ।

**३. एकल पुरूष भत्ता पाउनेः**(१)देहाय बमोजिमको नागरिकले मात्र एकल पुरूष भत्ता पाउन योग्य हुनेछः

क) नेपाली नागरिक

ख) देउमाई नगरपालिका भित्र स्थायी बसोबास भएको

ग) ६० वर्ष उमेर पुगेको अविवाहित पुरूष

घ) पत्नी सँग सम्बन्ध विच्छेद भइ विवाह नगरेको ६० वर्ष उमेर पुगेको पुरूष

ङ) पत्नीको मृत्यु भइ अर्को विवाह नगरेको ६० वर्ष उमेर पुगेको पुरूष

४. **एकल पुरूष भत्ता नपाउनेः** यस कार्यविधिको दफा ३ बमोजिम योग्यता पुगेको भएतापनि देहाय बमोजिमको नागरिकले एकल पुरूष भत्ता पाउने छैनः

क) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित भएको व्यक्ति

ख) सरकारी कोषबाट निवृत्तिभरण पाइरहेको व्यक्ति

ग) विदेशी राष्ट्र वा संघ संस्थाबाट निवृत्तिभरण पाइरहेको व्यक्ति

घ) प्रचलित कानून बमोजिम अन्य कुनै सामाजिक सुरक्षा भत्ता पाइरहेको व्यक्ति

५. **भत्ता रकम र वितरणः** १) एकल पुरूष भत्ता मासिक रूपमा रू.१,०००।०० अक्षरेपी एक हजार मात्र का दरले पाउने छ।

२) उपदफा १ बमोजिमको भत्ता रकम चौमासिक रूपमा सम्बन्धित व्यक्तिको खातामा उपलब्ध गराईनेछ।

६. **निवेदन पेश गर्नुपर्नेः**१यस ऐनको दफा ३ बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउन योग्य नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन वडा कार्यालयमा पेश गर्नुपर्नेछ।

२उपदफा १ बमोजिमको निवेदनमा निवेदकले देहायको कागजात प्रमाणित गरी संलग्न गर्नुपर्नेछः

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) पत्निसँग सम्बन्ध विच्छेद गरेको हकमा अदालतबाट प्रमाणित सम्बन्ध विच्छेदको कागजात

ग) पत्नीको मृत्यु भएको हकमा पत्नीको मृत्युदर्ताको प्रतिलिपि

घ) अविवाहितको हकमा वडाको सिफारिस

३ उपदफा १ बमोजिमको निवेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्रमा आवश्यक कारवाही गरि निर्णय गर्नुपर्नेछ।

४ उपदफा ३ बमोजिम कारवाही गर्दा एकल पुरूष भत्ता नपाउने देखिएमा वडा कार्यालयले निवेदकलाई कारण खुलाई सोको लिखित जानकारी दिनुपर्नेछ।

५ उपदफा ३ बमोजिम कारवाही गर्दा एकल पुरूष भत्ता पाउने देखिएमा वडा कार्यालय बाट सिफारिस गरी नगरपालिकाको सामाजिक सुरक्षा शाखामा पेश गर्नुपर्नेछ।

७. **एकल पुरूष परिचयपत्रः** यस कार्यविधि बमोजिम एकल पुरूष भत्ता पाउने नागरिकलाई नगरपालिकाले अनुसुची-२ बमोजिमको ढाँचामा एकल पुरूष परिचयपत्र दिनुपर्नेछ।

२ उपदफा १ बमोजिम परिचयपत्र नलिएका व्यक्तिले एकल पुरूष भत्ता पाउने छैनन्।

३ उपदफा १ बमोजिमको परिचयपत्र हराएमा, च्यातिएमा वा प्रयोग गर्न नमिल्ने भएमा रू १००।०० अक्षरेपी रू एकसय मात्र को रसिद संलग्न गरी अनुसूची ३ बमोजिमको ढाँचामा निवेदन पेश गरी प्रतिलिपि लिन सकिनेछ।

८. **अभिलेख राख्नुपर्नेः** १ कार्यालयले यस कार्यविधि बमोजिम एकल पुरूष भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको एकल पुरूष भत्ताको विवरण अनुसूची ४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

२ वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख अनुसूची ५ बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

९. **अभिलेखबाट नाम हटाउनेः** कार्यालयले देहायको अवस्थामा एकल पुरूष भत्ता पाउने व्यक्तिको नाम अभिलेखबाट हटाउन सक्नेछः

क) एकल पुरूषले विवाह गरेमा

ख) बँसाई सरी अन्यत्र गएमा

ग) प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता पाउने भएमा

घ) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित भएमा

ङ) निज व्यक्तिले एकल पुरूष भत्ता नलिने भनी कार्यालयमा निवेदन पेश गरेमा र

च) निजको मृत्यु भएमा।

१०. **नविकरणः** १ यस कार्यविधि बमोजिम एकल पुरूष भत्ता प्राप्त गर्ने नागरिकले प्रत्येक आ.व. सकिन एक महिना अगावै कार्यालय समक्ष अनुसूची ६ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

२ उपदफा १बमोजिमको निवेदन साथ देहायको कागजात पेश गर्नुपर्नेछः

क) एकल पुरूष परिचयपत्रको प्रतिलिपि

ख) पत्नीको मृत्यु वा सम्बन्ध विच्छेद भएको हकमा अर्को विवाह नगरेको वडा सिफारिस

ग) अविवाहितको हकमा हाल सम्म अविवाहित रहेको वडा सिफारिस।

११. **कसुर र सजायः** १ कसैले झुठा विवरण पेश गरी यस कार्यविधि बमोजिम एकल पुरूष भत्ता लिएमा कसुर गरेको मानिनेछ।

२ कसैले उपदफा १ बमोजिमको कसुर गरेको पाईएमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरि निजलाई बिगो बराबरको जरिवाना हुनेछ।

१२. **अनुगमन सम्बन्धी व्यवस्थाः** एकल पुरूष भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन नगर उपप्रमुख वा निजले तोकेको नगरपालिकाको कुनै सदस्य वा कर्मचारीले गर्नेछ।

१३. **प्रतिवेदन पेश गर्नुपर्नेः** एकल पुरूष भत्ता वितरण गरेको चौमासिक विवरण वडा कार्यालयले नगरकार्यपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

१४. **संशोधनः** देउमाई नगरकार्यपालिकाको बैठकको निर्णयले यो कार्यविधि संशोधन गर्न सक्नेछ।

**१५. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वय गर्दा कुनै बाधा अड्काउ आइपरेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

**१६. बचाउः** यो कार्यविधि कार्यान्वयन हुनु अगाडी नगरकार्यपालिकाको निर्णय अनुसार एकल पुरुष भत्ता वितरण सम्बन्धी भएगरेको सम्पुर्ण कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिने छ।

हेटौंडा नगरपालिका

# अनुसूची १
## (दफा ६ को उपदफा १ सँग सम्बन्धित)

मितिः......................

श्रीमान् वडा अध्यक्ष ज्यू,
........... नं. वडा कार्यालय
देउमाई नगरपालिका

**विषयः नाम दर्ता गराईपाउँ भन्ने बारे।**

म निवेदक देउमाई नगरपालिकाको एकल पुरूष भत्ता वितरण सम्बन्धी कार्यविधि २०७७ को दफा ३ बमोजिम भत्ता पाउन योग्य भएकोले नयाँ नाम दर्ता गरिदिनुहुन देहायको विवरण सहित यो निवेदन पेश गर्दछु।

**व्यक्तिगत विवरण**

नाम/थरः..................................
बाबुको नाम/थरः.............................
आमाको नाम/थरः..............................
बाजेको नाम/थरः..............................
स्थायी ठेगानाः............................................
नागरिकता प्रप्र नं............जारी मितिः..............जारी जिल्लाः.................
पत्नीको नाम/थरः............................
पत्नीको नागरिकता प्रप नं.............जारी जिल्लाः..............जारी मितिः..............
पत्नीको मृत्यु भएको मितिः............. मृत्यु दर्ता नं.......................
मृत्यु दर्ता जारी गर्ने निकायः..........................

सम्बन्ध विच्छेदको हकमाः

सम्बन्ध विच्छेद भएको मितिः...............................
सम्बन्ध विच्छेद भएको प्रमाणित गर्ने निकायः............................

**संलग्न कागजातः**

१. निवेदकको नागरिकताको प्रतिलिपि
२. पत्नीको नागरिकताको प्रतिलिपि
३. पत्नीको मृत्युदर्ताको प्रतिलिपि
४. २ प्रति पास फोटो
५. अविवाहितको हकमा वडाको सिफारिस
६. सम्बन्ध विच्छेदको हकमा सो सम्बन्धी प्रमाणित कागजात

(मैले राज्यकोष बाट कुनै पनि पारिश्रमिक, निवृत्तिभरण, सामाजिक सुरक्षा भत्ता वा यस्तै प्रकारका अन्य कुनैपनि सुविधा लिएको छैन। उल्लिखित व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।)

**निवेदकः**

## अनुसूची २
### (दफा ७ को उपदफा १ सँग सम्बन्धित)
### परिचयपत्रको ढाँचा

देउमाई नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

मंगलबारे, इलाम

१ नं. प्रदेश

एकल पुरूष परिचय-पत्र

फोटो

परिचय-पत्र नं..............................
नाम/थरः...................................
नागरिकता नं..............................
ठेगानाः....................................
जन्म मितिः................................
बाबुको नाम/थरः.........................
पदः..........................

प्रमाणित गर्ने अधिकारी
हस्ताक्षरः...................
नाम/थरः...................

| साल | महिना | | दर | जम्मा | बुझाउनेको दस्तखत |
|---|---|---|---|---|---|
| | देखी | सम्म | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**भत्ता लिन आउँदा यो परिचय-पत्र अनिवार्य लिई आउनु होला ।**

# अनुसूची ३
## (दफा ७ को उपदफा ३ सँग सम्बन्धित)
## परिचय पत्रको प्रतिलिपि पाउँ भन्ने बारेको निवेदनको ढाँचा

मितिः..........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
देउमाई नगर कार्यपालिकाको कार्यालय,
मंगलबारे, इलाम।

**विषयः प्रतिलिपि पाउँ भन्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरूष परिचयपत्र (परिचय पत्र नं.............) हराएको/प्रयोग गर्न नमिल्ने भएकाले देउमाई नगरपालिका एकल पुरूष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७७ को दफा ७ को उपदफा ३ बमोजिम प्रतिलिपि दस्तुर रसिद निवेदन साथै संलग्न गरी एकल पुरूष परिचयपत्र प्रतिलिपि पाउँ भनि यो निवेदन पेश गर्दछु।

**संलग्न कागजातः**

१. नागरिकताको प्रतिलिपि
२. एकल पुरूष भत्ता परिचयपत्रको प्रतिलिपि

निवेदकः
नाम/थरः........................
ठेगानाः..........................
सम्पर्क नं......................

देउमाई नगरपालिका

# अनुसूची ४

## (दफा ८ को उपदफा १ सँग सम्बन्धित)

## एकल पुरूष भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरणको ढाँचा

आ.व............... किस्ता.............

| क्र.सं. | परिचयपत्र नं. | नाम/थर | जन्ममिति | उमेर | वडानं. | नागरिकतानं. | मासिकभत्ता | जम्मापाउने | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

# अनुसूची ५

## (दफा ८ को उपदफा २ सँग सम्बन्धित)

## एकल पुरूष भत्ता सम्बन्धी निवेदनको अभिलेख

वडा नं.......... आ.व............

| क्र.सं. | दर्तानं. | निवेदककोनाम/थर | दर्तामिति | जन्ममिति | नागरिकता नं. | नागरिकता जारी मिति रजिल्ला | निवेदन उपर भएकोकारवाहि | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

नेउपाने नगरपालिका

# अनुसूची ६
## (दफा १० को उपदफा १ सँग सम्बन्धित)
## नविकरणको निवेदनको ढाँचा

मितिः............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
देउमाई नगर कार्यपालिकाको कार्यालय,
मंगलबारे, इलाम।

**<u>विषयः नविकरण गरिपाउँ भन्ने बारे।</u>**

उपरोक्त सम्बन्धमा म निवेदक एकल पुरूष परिचयपत्र नं.............. ले एकल पुरूष भत्ता सम्बन्धी कार्यविधि २०७७ बमोजिम एकल पुरूष भत्ता प्राप्त गरिरहेको र आ.व.......... को लागि ऐ. कार्यविधिको दफा १० को उपदफा २ बमोजिमको कागजात संलग्न राखी एकल पुरूष भत्ताको लाभग्राहिको सूचीमा मेरो नाम नविकरण गराईपाउँ भनि यो निवेदन पेश गर्दछु।

**<u>संलग्न कागजातः</u>**

१. एकल पुरूष परिचयपत्रको प्रतिलिपि
२. अर्को विवाह नगरेको वडा सिफारिस
३. अविवाहितको हकमा अविवाहित रहेको खुलाईएको वडा सिफारिस

**<u>निवेदकः</u>**

नाम/थरः.........................
ठेगानाः................................
सम्पर्क नं................................

देउमाई नगरपालिका

आज्ञाले,

प्रेम प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत

हेटौंडा नगरपालिका